बुढीगंगा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : २४ भाग : १

## बुढीगंगा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९

आज्ञाले

नरेन्द्र नाथ

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बुढीगंगा नगरपालिका

# बुढीगंगा राजपत्र

खण्ड : ६ संख्या : २४ भाग : १

## बुढीगंगा नगरपालिकाका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९

### १. परिचय

नेपालको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबैप्रकारका छुवाछुतको अन्त गरी आर्थिक समानता, समृद्धि र समाजिक न्याय सुनिश्चित गर्दै समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने अभिप्राय राखेको छ। तसर्थ संविधानले महिला, दलित, जनजाति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति तथा अन्य पछाडी परेका समुदायको मानव अधिकारको संरक्षण, सम्वर्द्धन र परिपुरणको लागि विभिन्न मानव अधिकारमुखी अवधारणाको अवलम्बन गरेको छ। त्यस्तै गरेर महिला, दलित, आदिबासी, जनजाती, मधेसी, थारु, मुस्लिम, अलपसंख्यक, सीमान्तीकृत, अंपागता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सामाजिक न्यायको हकलाई समेत मौलिक हकको रुपमा रुपमा अंगिकार गरेको अवस्था छ।

CS CamScanner

संविधानको धारा १८ ले कानूनको अगाडी समानता र कानूनको समान संरक्षणको सुनिश्चितता गरेको छ भने विशेष वर्ग र समुदायको उत्थानका लागि विशेष संरक्षण समेत गर्न सकिने कुराको परिकल्पना गरेको छ। त्यस्तै संविधानले मौलिक हकको रुपमा महिलाको हक र दलितको हकलाई समेत स्विकार गरेको छ भने धारा ४२ को सामाजिक न्यायको हक अन्तर्गत आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका लैङ्गिक तथा यौनिक अल्पसंख्यक नागरिकलाई समानुपातिक समावेशीकरणको सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागिताको हक सुनिश्चित गरेको छ र उनीहरुको रोजगारी र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरिएको छ। सोही बमोजिम स्थानिय तहका लागि संविधानले महत्वपूर्ण कार्यक्षेत्रहरुलाई एकल अधिकार क्षेत्रको रुपमा स्वीकार गरेको छ उदाहरणको लागि संविधानको अनुसूची ८ बमोजिम स्थानिय तहको अधिकारको सूचीमा स्थानिय सेवाको व्यवस्थापन, स्थानिय तथ्यांक र अभिलेख संकलन, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वाथ्य र सरसफाइ, स्थानिय अदालत र मेलमिलापको व्यवस्थापन, जेष्ठ नागरिक, अंपागता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन, बेरोजगारको तथ्यांक संकलन, विपद् व्यवस्थापन जस्ता विषयहरु एकल अधिकारमा परेका छन।

त्यस्तै गरेर स्थानिय सरकार संचालन सम्बन्धमा तर्जुमा गरिएको स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १९ ले विशेष रुपमा स्थानिय तहका प्रमुख काम, कर्तव्य र अधिकारलाई निर्दीष्ट गरेको छ जसअनुसार स्थानिय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन, जनशक्ति ब्यवस्थापन र वृत्ति विकास, स्थानिय तथ्यांक र अभिलेख संकलन जस अन्तर्गत पनि तथ्याङ्क सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन गर्नु , आधारभूत र माध्यमिक शिक्षा, स्वास्थ्य र सरसफाई, स्थानिय अभिलेख व्यवस्थापन, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन, बेरोजगारको तथ्यांक संकलन, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा र गरिबी निवारण, जस्ता महत्वपुर्ण कानूनी दायित्व रहेको छ।

त्यस्तै ऐनको परिच्छेद ६ मा योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा पालिकाको आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत रुपमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी



CamScanner

दायित्वको रुपमा निर्दिष्ट गरेको छ। त्यस्तै योजना बनाउँदा स्थानिय बासिन्दाको सहभागिता जुट्ने, महिला, अपांगता भएका व्यक्ति, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने कुराका साथै योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानिय सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अंपागता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सरोकारवालाहरुको अधिकतम सहभागिता प्राथमिकतामा राखेर गराउने दायित्व कानूनी रुपमा स्पष्ट तोकिएको छ। तसर्थ स्थानिय तहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को सुनिश्चितता तथा मुलप्रभावहीकरण गराउनु प्रमुख रुपमा स्थानिय तहको कानूनी दायित्वलाई कसरी प्रभावकारी र उत्तरदायी बनाउन सकिन्छ भन्ने मान्यतालाई पनि महत्वपुर्ण रुपमा यस ऐनले औल्याएको छ।

## २. लैससास कार्यमा पालिकाका वर्तमानमा भईरहेका प्रयासहरु

लैससास संग सम्बन्ति कामहरु के के भएको छ ?

१. पालिकाले आर्थिक रुपमा विपन्न महिला, एकल महिला, हिंसा पीडित महिला, द्वन्द्वपीडित महिलाहरुको, आर्थिक सहयोगका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना गरेको साथै उक्त कोष परिचालनका लागि कार्यविधि निर्माण गरी कार्यपालिकाबाट पास गरिएको।

२. मानव वेचविखन तथा घरेलु हिंसा सम्बन्धि - कु प्रथा,कुरीति तथा लैङ्गिक हिंसा न्यूनीकरणका लागि पालिकाले वडाहरुमा आन्तरिक कार्यक्रम संचालन गरेको साथै विभिन्न किसिमका होर्डिङ्ग बोर्डहरु समेत टाँसिएको।

३. बालबिबाह तथा वाल दुर्व्यवहार न्यूनीकरणका लागि पालिकाले पालिका स्तरमा बालबिबाह न्यूनीकरण रणनीति बनाई कार्यान्वयनमा रहेको साथै वडाहरुमा बालबिबाह सम्बन्धि निगरानी समुह गठन गरी कार्य सञ्चालन भएको।

४. कोभिड-१९ भाइरसको रोकथाम तथा व्यवस्थापन गर्न लागि क्वारेनटाइनको व्यवस्थापन गर्दा महिला तथा बालाबलिकाको सुरक्षालाई मध्ये नजर गरि छुट्टै क्वारेन्टाइनको व्यवस्थापन गरिएको थियो।

५. विपन्न बालबालिकाहरुलाई सहयोग का निम्ति सामाजिक सुरक्षाको रुपमा सहयोग गर्न बजेटको व्यवस्था गरिएको।



CamScanner

६. विपन्न महिलाहरुलाई आर्थिक रुपमा अगाडी बढाउनका लागि व्यावसायिक सीपमुलक तालिम सगैं वस्तुगत टेवा सहितको सहयोग कार्यक्रम सञ्चालन भईरहेको ।

७. लैससासलाई समावेश गरी बजेट को व्यवस्थापन गरिएको ।

८. योजनाहरुको कार्यान्वयन गर्दा महिला सहभागीतामा जोड दिईएको ।

## ३. लैससास मा देखिएका समस्या, चुनौती र अवसरहरु

**समस्या :**

- लैङ्गिक समानतार सामाजिक समावेशीकरण सम्बन्धी बुझाईमा एकरुपता हुनु ।
- विषयगत समितिहरु नै यस सम्बन्धी जानकार नहुनु ।
- नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लैससासको सवाल मुलप्रवाहीकरण नहुनु,
- नियमितरुपमा लैङ्गिक उत्तरदायी बजेट परीक्षण नहुनु,
- लैससासको लागि आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरणको अभाव रहनु,
- विशेष गरेर महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, सिमान्तकृत समुदायको स्थानिय तहबाट प्रवाह गरिने सेवा प्रवाह तथा सुचनामा पहुँच हुन नसक्नु ।
- समाजमा विद्यमान लैङ्गिक, जातिय तथा अन्य आधारमा समाजमा भेदभाव, असमानता कायम रहनु
- महिला, दलित, अपांगता भएका व्यक्ति लक्षित बजेट विनियोजन नहुनु, डल्लो बजेट प्रणालीका कारण राज्यको सेवा, सुविधा तथा अवसरहरुमा लक्षित वर्गको पहुँच नहुनु ।
- बुढीगंगा नगरपालिकामा रहेका गरिब, दलित, अपांगता भएका व्यक्ति तथा पिछडिएका वर्गका व्यक्तिहरु आफ्नो हक, अधिकार प्रति जानकार नहनु र आफ्नो हक अधिकार प्राप्तिका लागि वकालत गर्ने क्षमताको विकास हुन नसक्नु ।
- स्थानिय निकाय समाजमा पिछडिएर रहेका महिला, दलित, अपांगता भएका व्यक्ति, एच.आइ.भी.प्रभावित व्यक्तिहरुलाई लक्षित गरी नीति, योजना, बजेट विनियोजनमा संवेदनशील नहुनु



CamScanner

- पालिकाले निर्माण गरेका नीतिहरुका बारेमा नागरिकहरुसंग छलफल गरि सुझाव संकलन गर्ने अभ्यासको कमी
- नीति अनुरुप बजेट तथा कार्यक्रम तालमेल नहुनु ।

४. **चुनौतीहरु**

२. समाजमा विद्यमान रहेका हानिकारक सामाजिक मूल्यमान्यताहरु कायम रहनु,

३. लक्षित वर्गको आयस्तरमा ज्यादै ठुलो असमानता हुनु,

४. लाभ बाडफाँडमा वास्तविक लक्षित वर्गको पहिचान र पहुँचमा सुनिश्चिता गर्न नसक्नु,

५. पालिकाले लैंससास आवश्यक छ भन्ने सोच नराखि पूर्वाधार विकासका योजनालाई प्राथमिकता दिइनु,

६. पालिकाको नीति तयार गर्दा आवश्यकताका आधारमा भन्दा मागका आधारमा नीति निर्माण हुनाले कार्यान्वयन पक्ष चुनौतीपूर्ण रहनु ।

७. नितिगत विकासका कामहरु लाभान्वित वर्गमा नपुग्नु ।

८. नगरपालिका अर्न्तगत रहेका समिति, संरचना तथा समुहलाई लैससास मैत्री बनाउनु ।

९. पालिकाको आन्तरिक श्रोत कम हुनुका कारण संघ र प्रदेश सरकारमा आश्रित हुनुपर्ने अवस्था रहेको ।

५. **अवसरहरु**

समावेशीकरणलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने संविधान र संविधानमा भएका व्यवस्थाहरु, विभिन्न संवैधानिक आयोगका साथै प्रतिष्ठान, समिति आदि संरचनाहरु, स्थानीय सरकार सञ्चालन ऐन, दिगो विकास लक्ष्य लगायत नेपाल सरकारले समावेशिता सम्बन्धी अन्तर्राष्ट्रिय रुपमा जनाएका प्रतिबद्धताहरु, नगरपालिकामा निर्वाचित जनप्रतिनिधित्व एवं नीति तथा कानुन निर्माण तथा नीति निर्माण गर्ने अधिकारले नगरपालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री नगर बनाउने अवसर प्रदान गरेको छ । संघीय तथा प्रदेश सरकारको लैससास उत्तरदायी वजेट तथा कार्यक्रमहरुले नगरपालिकालाई नीति तथा कानुन बनाई कार्यान्वयन गर्ने अवसरहरु प्रदान गरेको छ ।



CamScanner

**लैससास नीति तर्जुमाको महत्व**

- यस नगरपालिकामा लैससास सम्बन्धमा देखिएका समस्या र चुनौतीको समाधान गर्न देहायका कारणले लैससास नीति आवश्यक रहेको छ।
- लैङ्गिक समानतार सामाजिक समावेशीकरण सम्बन्धी बुझाईमा एकरुपता ल्याउन।
- नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लैससासको सवाल मुलप्रवाहीकरण गर्न।
- नियमितरुपमा लैङ्गिक उत्तरदायी वजेट परिक्षण गर्न।
- लैंससासको लागि आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरण गर्न।
- नगरको नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन,
- विशेष गरेर महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, सिमान्तकृत समुदायको स्थानिय तहबाट प्रवाह गरिने सेवा प्रवाह तथा सुचनामा पहुँच बढाउन।
- समाजमा विद्यमान लैङ्गिक, जातीय तथा अन्य आधारमा समाजमा भेदभाव, ससमानता कायम गर्न
- बुढीगंगा नगरपालिकामा रहेका गरीब, दलित, अपांगता भएका व्यक्ति तथा पिछडिएका वर्गका व्यक्तिहरु आफ्नो हक, अधिकार प्रति जानकार गराउन।
- स्थानिय निकाय समाजमा पिछडिएर रहेका महिला, दलित, अपांगता भएका व्यक्ति, एच.आइ.भी.प्रभावित व्यक्तिहरुलाई लक्षित गरी नीति, योजना, बजेट विनियोजनमा संवेदनशील गराउन।
- पालिकाले निर्माण गरेका नीतिहरुका बारेमा नागरिकहरु संग छलफल गरि सुझाव संकलन गर्ने सुरुवात गर्न।
- नगरपालिमा लैससास मैत्री शासन व्यवस्थाको प्रवर्द्धन गर्न,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिबद्धता, संघीय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिबद्धता अनुरुपको दायित्व पुरा गर्न।
- लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै न्यायोचित वितरणको व्यवस्था गर्न।



CS CamScanner

**६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को दीर्घकालीन सोंच**

भौतिक संरचना सहितको विभेदरहित, समतामूलक तथा न्यायोचित नगरपालिकाको निर्माण ।

**७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को लक्ष्य**

बुढीगंगा नगरपालिकामा रहेका हरेक वर्ग र समुदायका व्यक्तिहरुको पालिका तहका बहुआयामिक पक्षहरुमा मूलप्रवाहीकरण गर्दै लैङ्गिक उत्तरदायी तथा समावेशी स्थानिय सरकारको निर्माण गर्ने ।

**८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को उद्देश्य)**

- नगरपालिकाको वार्षिक योजना तर्जुमा प्रक्रियामा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, सिमान्तकृत समुदायको सहभमगिता वृद्धि गर्दै उनीहरुको सवाल मूलप्रवाहीकरण गर्ने ।
- लैससासको लागी आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरण गर्ने ।
- नगरको नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने
- विशेष गरेर महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, सिमान्तकृत समुदायको स्थानिय तहबाट प्रवाह गरिने सेवा प्रवाह तथा सुचनामा पहुँच बढाउने ।
- समाजमा विद्यमान लैङ्गिक, जातीय तथा अन्य आधारमा समाजमा भेदभाव, ससमानता कायम गर्ने कार्यक्रमहरु संचालन गर्ने ।
- नगरपालिकामा रहेका गरिब, दलित, अपांगता भएका व्यक्ति तथा पिछडिएका वर्गका व्यक्तिहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने ।
- पालिकाले निर्माण गरेका नीतिहरुका बारेमा नागरिकहरु संग छलफल गरि सुझाव संकलन गर्ने अभ्यासको सुरुवात गर्ने ।
- नगरपालिमा लैससास मैत्री शासन व्यवस्थाको प्रवर्द्धन गर्ने ।
- सबै प्रकारका साझा अवसर, स्रोत साधन, सेवा, सूचना तथा सुविधाहरु र परिणाममा समेत सबै वर्ग र समुदायको समान पहुँच र नियन्त्रणको सुनिश्चितता गर्ने ।
- नगरको समानुपातिक र दिगो विकास गरी समृद्ध नगर बनाउने ।

९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का नीतिहरु, रणनीतिहरु तथा कार्यनीतिहरु यस प्रकार रहेको छ ।

| नीतिहरु | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| ९. १ लैससासको अवधारणालाई पालिका तहमा संस्थागत गर्नका लागि आवश्यक रुपमा नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन, संशोधन तथा तर्जुमा गर्ने । | १ लैससासलाई संस्थागत गर्न आवश्यक कानून, नियमावली, कार्यविधी तथा मापदण्डहरुको तर्जुमा गर्ने ।<br>२. पालिका तहका बार्षीक तथा आवधिक योजना, कार्यक्रम तथा बजेटहरुको तर्जुमा गर्ने ।<br>३. पालिका तहमा लैससास मूलप्रवाहिकरण गर्न संस्थागत संरचनाको विकास र विस्तार गर्ने | १. स्थानिय तहमा लैससासको मुलप्रवाहीकरणका लागि हाल विद्यमान र अब बन्न लागेका ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन गरी आवश्यक नयाँ ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको तर्जुमा गरीने छ ।<br>२. स्थानिय तहमा लैससासको मुलप्रवाहीकरणका लागि पालिका तहमा लैससास समन्वय समिती र वडास्तरमा उपसमितीको गठन गर्ने, सो समिति र उपसमितीको काम कर्तव्य र अधिकारको बारेमा स्पष्टता गरी संस्था र कार्यक्रममा लैससास मूलप्रवाहिकरण क्षमता अभिवृद्धिकार्य गर्दै लैजाने छ। सो समिती र उपसमितीको काम कर्तव्य र अधिकारहरु अनुसुचीमा उल्लेखित छ।<br>३. विधमान ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन गर्दा र नयाँ ऐन, कानून, नीति तथा मापदण्डहरुको तर्जुमा गर्दा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय सन्धी सम्झौता तथा प्रदेश सरकारले विषेश विषयमा बनाएको कानुन र नेपालको संविधानद्वारा प्रदत्त हक अधिकारलाई प्रबर्द्धन गर्ने गरी बनाइने छ।<br>४. लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछ्याडी पारिएका वर्ग र समुदायको आवश्यकताको पहिचान गरी सुधार गर्न उपयुक्त क्षेत्रहरुको रेखाङ्कन गरीने छ।<br>५. लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछ्याडी पारिएका वर्ग र समुदायको लागि पालिकाले हालसम्म गरेका पहलहरु र त्यसको कार्यान्वयन तथा प्रतिफलको समिक्षा गरिनेछ।<br>६. लैससासको दृष्टिकोणबाट लक्षित समुदायको आवश्यकताको पहिचानको आधार तथा पालिकाले हालसम्म गरेका पहलहरु र त्यसको कार्यान्वयन तथा प्रतिफलको समिक्षामा आधारीत भएर पालिकाले आवश्यकताका क्षेत्रलाई प्राथमिकतामा राखी बार्षीक ,आवधिक योजना, कार्यक्रम तथा बजेटको तर्जुमा गरिनेर्छ।<br>७ .पालिकाले बार्षीक, आवधिक योजना, कार्यक्रम, बजेट तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछ्याडी पारिएका वर्ग र समुदायको विभिन्न चरणमा प्रत्यक्ष तथा अर्थपुर्ण सहभागिता गराइनेछ।<br>८. पालिकाले बार्षीक आवधिक योजना तथा कार्यक्रमहरुमा बजेटको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछ्याडी पारिएका वर्ग र समुदायका आवश्यकताका क्षेत्रमा न्युनतम प्रतिशत तोकेरै बजेटको तर्जुमा गर्ने । र हरेक आर्थिक वर्षको लैससास लेखाजोखा गरी प्रतिबेदन सार्वजनिक गरीने छ ।<br>९.विभिन्न प्राकृतिक विपत्, आपत तथा स्वास्थ्य माहामारी जस्ता जोखिम अवस्थाहरुमा विशेष गरेर लक्षित समुदायका लागि रोकथाम, नियन्त्रण र परिपुरण जस्ता सबै चरणमा कसरी संबोधन गर्ने विशेष अवस्थामा स्थानिय तहका स्रोत साधनको परिचालन कसरी गर्ने, कस्ता सेवा तथा सहयोगलाई प्राथमिकतामा राख्ने भन्ने बारेमा पनि पालिका तहको स्पष्ट नीति तयार गरिनेछ । |

| | | |
|---|---|---|
| ९.२ पालिका तहको बार्षीक, आवधीक योजना, कार्यक्रम तथा बजेट तर्जुमा लगायतका संरचनागत तह तथा निर्णायक प्रक्रियामा लक्षित समुदायको प्रभावकारी तथा अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने । | १. पालिका अन्तर्गतको संरचनागत तहमा मानव संशोधन लैससासको आधारमा परिपूर्ति गर्ने कुराको सुनिश्चितता गर्ने ।<br>२. पालिका तहको निर्णय प्रक्रियामा लक्षित समुदायको प्रत्यक्ष अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्ने । | ११: पालिका स्तर, वडा स्तर तथा समुदाय स्तरमा गठन गरीने विभिन्न संजाल, समूह तथा समितिहरुमा साथै कर्मचारी भर्ना गर्दा वा राख्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको समानुपातिक र समावेशी सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गर्न नियमावली र कार्यविधि बनाउने छ ।<br>१२. पालिका तहको नीति, कानून, योजना, कार्यक्रम, बजेट आदीको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता तथा सरोकारवालहरुका प्रतिनिधित्वको सुनिश्चित गर्न नियमावली र कार्यविधि बनाउने छ ।<br>१३: पालिका तहका विभिन्न निर्णायक तह नगरसभा, नगरपालिका, वडा समिति लगायतमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायका राजनैतिक जनप्रतिनिधीहरुको निर्णय प्रक्रियामा अर्थपुर्ण सहभागिता, प्रतिनिधित्व वा नेतृत्वदायी भुमिकामा रहने कुराको सुनिश्चित गर्न नियमावली र कार्यविधि बनाउनेछ ।<br>१४: पालिका तहमा भएका सार्वजनिक सरोकारका सबैजसो बिषयवस्तु, सूचना तथा जानकारीहरु लक्षित समुदायको सहज पहुँचका लागि विभिन्न माध्यमबाट आवश्यकता र माग अनुसार संप्रेषण गर्ने र गराउने छ ।<br>१५. पालिका तहमा बञ्चितिमा परेका विभिन्न क्षेत्र, वर्ग र समुदाय पहिचान गरि खण्डिकृत तथ्यांक राखिनेछ । |
| ९.३ पालिका तहमा लैससासको सुनिश्चित गर्न सुशासनको सुनिश्चितता गर्ने । | १. लक्षित समुदायसँग सम्बन्धीत जानकारी तथा सूचनाहरुलाई उनीहरु समक्ष सहज रुपमा पुर्‍याउन पारदर्शिताको र उत्तरदायित्वको सुनिश्चितता गर्ने ।<br>२. स्थानिय सरकार लक्षित समुदायप्रति जवाफदेही रहेको कुराको सुनिश्चितता गर्न सामाजिक लेखाजोखा तथा गुनासो सुन्ने संयन्त्रको सुनिश्चितता गर्ने । | १५. विशेष गरेर पालिका तहमा रहेका लक्षित समुदायसँग सम्बन्धीत बिषयवस्तु, सूचना तथा जानकारीहरु लक्षित समुदायको पहुँचको लागि संप्रेषण गर्दा पहुँचयोग्य विभिन्न माध्यमहरुको प्रयोग गरी जस्तो अडियो, भिडियो, प्रिन्ट वा अन्य माध्यमबाट संप्रेषण गरिनेछ ।<br>१६. बिषयवस्तु, सुचना तथा जानकारीहरु संप्रेषण गर्दा लक्षित समुदायसँग सम्बन्धीत बिशेष गरेर पालिका तहबाट प्रवाह हुने सेवा, क्षमता अभिबृद्धीका कार्यक्रम, स्वास्थ्य, शिक्षा, रोजगारी, उद्यमशिलतासँग सम्बन्धीत कार्यक्रम तथा त्यसमा विनियोजित बजेट समेत उल्लेख गरी सरल, सहज भाषामा (संभव भए सम्म स्थानिय भाषामा जस्तै बाजुरेली वा अन्य स्थानिय रुपमा बोलिने भाषामा) संप्रेषण गरीने छ । सो सेवाहरुको उपलब्धता र प्रभाव कसरी र कहाँबाट प्राप्त गर्ने भन्ने बारेमा पनि नागरिक वडापत्र र अरु प्रवर्द्धनका माध्यमबाट गरीने छ ।<br>१७. पालिका तहमा रहेका लक्षित समुदायप्रति स्थानिय तह जवाफदेही छ भन्ने सन्देश प्रवाहका निमित्त प्रत्येक वडा तह तथा पालिका तहमा निरन्तर रुपमा सार्वजनिक सुनुवाई, सामाजिक लेखाजोखा र लैससास को संस्थागत लेखाजोखा पनि गरीने छ ।<br>१८. पालिका तहमा रहेका लक्षित समुदायको गुनासो सुन्नका लागि गुनासो सुन्ने संयन्त्रको निर्माण जस्तै टोल फ्री नम्बर, गुनासो बाक्स, एफ एम कार्यक्रम आदि गरी प्रभावकारी कार्यान्वयन गर्ने वा गराइने छ । |



CS CamScanner

| | | |
|---|---|---|
| ९.४ पालिका तहमा महिला, दलित, अपांगता भएका व्यक्ति लगायत अन्य सबै पछाडी पारिएका समुदाय तथा बर्गहरुका समानता र समावेशीकरण सम्बन्धमा क्षमता अभिबृद्धि गर्ने कुराको सुनिश्चितता गर्ने । | १. पालिका अर्न्तगतका महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको क्षमता अभिबृद्धी गर्ने ।<br>२. पालिका तहका जनप्रतिनीधी तथा सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि गर्ने ।<br>३. सरोकारवाला र अधिकारवादि संसंस्थाहरु संग समन्वय र सहकार्य गर्ने र उनीहरुको क्षमता अधिवृद्धि गर्ने । | १९. लिंग वा जातिय आधारमा हुने हिंसा, साथै लैगिंक, जातिय, धार्मिक, सामाजिक वा आर्थिक हैसियत आदिमा हुने विभेद तथा भेदभाव, समाजमा ब्याप्त परम्परागत हानिकारक मुल्य, मान्यता र ब्यवहार आदिका कारण मानव अधिकार उल्लंघन भई रहेको अवस्थामा त्यस्ता मानव अधिकार उल्लंघनलाई कानूनले पनि दण्डित गर्ने विशेष गर्ने साथै सो बारेमा महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायलाई जानकारी तथा सचेत गराउन सरोकारवाला र अधिकारवादि संसंस्थाहरु संग समन्वय र सहकार्य गर्ने छ ।<br>२०. त्यस्ता मानव अधिकार उल्लंघनका घटनालाई कानूनले पनि दण्डित गरेका विषयमा प्रभावित वा पिडित पक्षलाई पालिकाले कसरी सहयोग गर्न सक्दछ, कस्ता कस्ता सेवाहरु उपलब्ध गराउन सक्दछ, त्यस्तो सेवा निशुल्क हुने भए सोही कुरा र शुल्क लाग्ने भए कति लाग्दछ भन्ने बारेमा जानकारी समेटिएको सूचनाहरु प्रसारण तथा प्रकाशन गरी निरन्तर संप्रेषण गराईरहने छ ।<br>२१. पालिका तहका जनप्रतिनीधीको लागि महिला, दलित तथा अन्य लक्षित समुदायका हक अधिकार संरक्षण तथा मुलप्रवाहिकरणका लागि स्थानिय तहले के कस्तो भुमिका निर्वाह गर्न सक्दछ वा कानूनी कार्यादेश कस्तो रहेको छ भन्ने बारेमा सूचना तथा जानकारीमुलक स्रोत सामाग्री सहज तथा सरल भाषामा प्रकाशित गर्ने र सो सम्बन्धमा तालिम, अर्न्तक्रिया, छलफल जस्ता कार्यक्रमहरुको निरन्तर रुपमा आयोजना गरिनेछ ।<br>२२. पालिका तहका जनप्रतिनीधी, सेवा प्रदायकहरु र सरोकारवाला र अधिकारवादि सघंसंस्थाहरुको लागि लैससासको अवधारणा तथा यसको औचित्य तथा संवेदनशिलतामाथिको महत्व सम्बन्धमा सूचनामुलक स्रोत सामाग्री सहज तथा सरल भाषामा प्रकाशित गर्ने र सो सम्बन्धमा तालिम, अर्न्तक्रिया, छलफल जस्ता कार्यक्रमहरुको आयोजना निरन्तर रुपमा गर्नेछ ।<br>२३. महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका सम्बन्धमा रहेका संबैधानिक प्राबधान तथा संघिय, प्रदेश तथा स्थानिय कानून, नीतिगत प्राबधानहरु, कार्यक्रमहरु तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तका बारेमा तालिम, अर्न्तक्रिया, छलफल जस्ता कार्यक्रमहरुको आयोजना जनप्रतिनिधि तथा सेवा प्रदायकहरुका लागि निरन्तर रुपमा गरिरहने छ ।<br>२४. असमानता, भेदभाव ,विभेद, परम्परागत मुल्य मान्यता तथा स्थानिय रुपमा अभ्यास भएका केहि हानिकारक ब्यवहारहरु कसरी समतामुलक र न्यायोचित समाजको लागि अवरोध हुन भन्ने सम्बन्धमा सूचनामुलक स्रोत सामाग्री प्रकाशित गर्ने र सो सम्बन्धमा तालिम, अर्न्तक्रिया, छलफल जस्ता कार्यक्रमहरुको आयोजना निरन्तर रुपमा गरिरहने छ ।<br>२५. लिंगमा आधारित हिंसा र भेदभावपुर्ण ब्यवहार विरुद्धका हरेक क्रियाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको अर्थपुर्ण सहभागिता गराउने छ ।<br>२७. महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका सम्बन्धमा रहेका कानूनी हक अधिकारका बारेमा सूचनामुलक तथा जानकारीमुलक कार्यक्रमहरुको आयोजना पालिका अर्न्तगतका लक्षित समुदायका लागि निरन्तर रुपमा गर्ने छ ।<br>२८. असमानता, भेदभाव ,विभेद, परम्परागत हानिकारक मुल्य, मान्यता तथा ब्यवहारहरुबाट कानूनद्धारा संरक्षित हक अधिकारको उल्लंघन भएमा स्थानिय तहमा कहाँ जाने, कसले कसरी सहयोग गर्छ, नि:शुल्क हुन्छ कि शुल्क लाग्छ, कति समय लाग्छ जस्ता कुराहरुको सम्बन्धमा सूचनामुलक तथा जानकारीमुलक कार्यक्रमहरुको आयोजना निरन्तर रुपमा गर्ने ।<br>२९. विशेष गरेर महिला, अपांगता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता अर्थिकोपार्जन र जिवनउपयोगी कार्यक्रमहरुको संचालन गर्ने छ । |



CamScanner

| | | |
|---|---|---|
| ९.५ लैससास नीति, योजना, कार्यक्रमको प्रभावकारी कार्यान्यवन, अनुगमन तथा मुल्यांकनको सुनिश्चितता गर्ने । | १.पालिकाबाट संचालित वा प्रवाहित सेवा, सुविधा, कार्यक्रमको निरन्तर अनुगमन तथा सुपरिवेक्षण गर्ने ।<br>२. पालिकाबाट संचालित वा प्रवाहित सेवा, सुविधा, कार्यक्रमको प्रभावकारीताको पुनरावलोकन तथा समीक्षा गर्ने । | ३१. पालिकाबाट संचालित कार्यक्रम वा प्रवाहित हुने सेवा, सुविधा, कार्यक्रमको निरन्तर अनुगमन तथा सुपरिवेक्षणका लागि लक्षित समुदायहरुको सहभागितामा प्राथमिकिकरण रहेको क्षेत्रमा अल्पकालिन तथा दिर्घकालिन रुपमा हासिल गर्न सक्ने गरी सुचांकहरुको सुचि तयार पारिनेछ ।<br>३२. सामाजिक कार्यक्रमहरुको नियमिति अनुगमन, मुल्यांकन तथा समिक्षा गर्न निश्चित मापदण्ड बनाइनेछ ।<br>३३. भौतिक पुर्वाधार र विकास निर्माणसँगसँगै लक्षित समुदायलाई लक्षित गरी संचालित पालिकाका सामाजिक कार्यक्रमहरुको पनि अनुगमन तथा सुपरिवेक्षण सुचांकहरुको सुचि तयार पारी सोही सुचांकमा आधारित भई लक्षित समूह कति लाभान्वित भए भएनन भन्ने कुराको अनुगमन तथा समिक्षा गर्ने र सो कुराको रेकर्ड राख्ने तथा आगामी बन्ने तथा संचलित हुने कार्यक्रममा सो कुरालाई विशेष ध्यान दिइनेछ । |

**१०. नीतिको कार्यान्यवनमा आउन सक्ने सम्भावित जोखिम तथा सो जोखिम न्यूनीकर ण ा क ा उपायहरु ।**

उल्लेखित नीति, रणनीति र कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य समस्या, चुनौती तथा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अवलम्बन गरिनेछ ।

| क.स | सम्भावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु |
|---|---|---|
| १. | लैससासको विषय बारेमा समान बुझाईको अभाव हुनु तथा स्थानिय तहको प्राथमितामा नपर्नु । | सहभागिताकमुलक छलफलबाट समान बुझाई बनाउने प्रयत्न गरीने । त्यस्तै लैससासलाई प्राथमितामा राख्ने नीतिगत ब्यवस्था गर्ने । |
| २. | नीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाला बिच समन्वय नहुनु । | सरोकारवाला बिचमा नियमिति साझा वैठक राख्ने तथा पालिका स्तरमा उपलब्ध संजालहरुको उपयुक्त प्रयोग गरी लक्षित समुदायका ब्यक्तिहरुलाई कसरी लाभान्वित गर्न सकिन्छ भन्ने बारेमा नियमित छलफल गर्ने । |
| ३. | खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | योजना तर्जुमा तथा अनुगमन पद्धतीलाई तख्याङ्कमा आधारीत बनाउने । |
| ४. | आर्थिक स्रोतको अभाव हुनु । | स्थानिय तहको एकमुष्ठ बजेटबाट लक्षित समुदायको लागि निश्चित न्युनतम प्रतिशत बजेट तोकेरै योजना तथा कार्यक्रम तयार पारीने । आगामी आर्थिक वर्षको तुलनामा उक्त बजेट बढाउदै लैजाने ( प्रगतीशिल बजेटको तर्जुमा गर्ने)। |



CamScanner

| | | |
|---|---|---|
| ५. | नीतिको कार्यान्वयन भए नभएको अनुगमन गर्नका लागि छुटटै संयन्त्र नहुनु । | लैसासस कार्यान्वयन समितिका पदाधिकारी बाहेक पालिकाका अन्य सरोकारवाला निकायहरुको छुटटै अनुगमन समिति गठन तथा परिचालन गर्ने । |
| ६. | नागरिक सक्रियता नभएका कारण स्थानिय सरकार तथा संघसंस्थाले सञ्चालन गर्ने कार्यक्रमहरु नीति अनुरुप प्रभावकारिता नदेखिनु । | नागरिकहरुलाई लैससासको महत्व र नागरिकको दायित्वको बारेमा समुदायस्तरमा अभियान सञ्चालन गर्ने । |

## ११. नीति कार्यान्वयनको लागि कार्ययोजना (Plan of Action) तथा जिम्मेवार निकाय

| क्र. स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा |
|---|---|---|---|---|---|
| १. | स्थानिय तहका जनप्रतिनिधि, वडा तहका जनप्रतिनिधि तथा अन्य सरोकारवाला निकाय विचमा लैससासस नीतिको औचित्य महत्व तथा यसबाट पालिकामा पर्ने सकारात्मक असर तथा प्रभावहरुको बारेमा अभिमुखिकरण कार्यक्रमको आयोजना गर्ने । | बुढीगंगा नगरपालिका | लैगिंक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार, संयुत्त, राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय निकाय,सहकारी तथा गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने । | नीति स्वीकृत भएको ५ महिना दिन भित्र । |
| २. | पालिका अर्न्तगत लैससास सम्बन्धी विषयवस्तु हेर्नका लागि बिशेष रुपमा कर्मचारी तोक्ने र पालिकामा लैससास समन्वय समिती र उपसमितीको गठन गर्ने सो समितिको लैससास सम्बन्धी विशेषज्ञताको क्रमश विकास गर्दै जाने । | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, बुढीगंगा नगरपालिका | लैगिंक समानता, महिला सशत्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट । विकास साझेदार, संयुत्त, राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय राष्ट्रिय निकाय,सहकारी तथा गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने । | नीति स्वीकृत भएको ४ महिना भित्र बिशेष रुपमा कर्मचारी तोक्ने तथा विशेषज्ञताको विकास निरन्तर रुपमा बर्षभरी । |



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | नगरपालिका र यस अर्न्तगतका १० वटै वडासँग नियमित समन्वयन र सहकार्य गर्ने र नीतिको प्रभावकारीता बारे त्रैमासिक रुपमा समिक्षा गर्ने र आवश्यक देखिएको सुधार नियमित रुपमा गर्दै जाने | बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, बुढीगंगा नगरपालिका | लैगिंक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट ।<br><br>विकास साझेदार, संयुत्त, राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय राष्ट्रिय निकाय,सहकारी तथा गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने । | नीति स्वीकृत भएको ४ महिना दिन भित्र र त्यसपछी निरन्तर रुपमा बर्षभरी |
| ४. | नगरपालिका र यस अर्न्तगतका १० वटै वडामा यस नितिको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धीत वडाको लागि लैससास सम्बन्धी कार्ययोजनाको निर्माण गर्ने । | बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, बुढीगंगा नगरपालिका | लैगिंक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट ।<br><br>विकास साझेदार, संयुत्त, राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय राष्ट्रिय निकाय,सहकारी तथा गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने । | नीति स्वीकृत भएको ६ महिना भित्र |
| ५ | नगरपालिको नियमित बजेटबाट न्यूनतम प्रतिशत रकम लक्षित समुदायको कार्यक्रमका लागि तोक्ने । पालिका तहको बजेटलाई लैससास उत्तरदायी बनाउनका लागि उल्लेखित मापदण्डको पालना गर्ने<br>१. महिलाको लागि (सूचकहरु १. योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता(२०), २. क्षमता अभिबृद्धि (२०), ३. महिलाहरुको लागि लाभ तथा नियन्त्रणमा सुनिश्चितता (२०), ४. | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, बुढीगंगा नगरपालिका | लैगिंक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट ।<br><br>विकास साझेदार, संयुत्त, राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय राष्ट्रिय निकाय,सहकारी तथा गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने । | नीति स्वीकृत भएको तिन महिना भित्र |



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | रोजगारी र अन्य आय आर्जन अभिवृद्धि (२०), ५ समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी (२०)<br><br>नोट :उल्लेखित ५ बटा सूचकहरुको अंकभार जोड्दा २० भन्दा कम भएमा लैगिंक दृष्टिकोणले तटस्थ, सूचकका लागि निर्धारण गरिएको अंकभार जोड्दा कुल योग २० वा सो भन्दा माथि ५० भन्दा कम भएमा अप्रत्यक्ष लैगिंक उत्तरदायी र सूचकका लागि निर्धारण गरिएको अंकभार जोड्दा कुल योग ५० वा सो भन्दा बढी भएमा प्रत्यक्ष लैगिंक उत्तरदायी मानिने छ। त्यस्तै अन्य लक्षित समुदायको हकमा यही लैगिंक उत्तरदायी बजेटको मापदण्ड तथा सुचकहरुको प्रयोग सम्बन्धीत लक्षित समुदायको समानुपातिक प्रतिनिधित्वको सिद्धान्तमा आधारित भएर गर्ने। | | | | |
| ६. | यो लैससास नीति कार्यान्वयनमा उत्कृष्ट प्रर्दशन गर्ने वडा तहलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने परिपाटीको विकास गर्ने। | बुढीगंगा नगरपालिका | लैगिंक समानता, महिला सशत्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु। | संघ; प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट।<br><br>विकास साझेदार, संयुत्त, राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय स्तरका निजी क्षेत्रबाट प्राप्त बजेट। | कम्तीमा बर्षको एकचोटी हरेक आर्थिक बर्षको अन्तमा |



CS CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | प्रत्येक ३/३ बर्षमा लैससास नीतिको पुनरावलोकन गर्ने र समसामयीक रुपमा परिमार्जन तथा संसोधन गर्ने । | बुढीगंगा नगरपालिका | लैगिंक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट ।<br>विकास साझेदार, संयुत्त, राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, तथा राष्ट्रिय राष्ट्रिय निकाय,सहकारी तथा गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने । | नीति स्वीकृत भएको तिन महिना पछी र निरन्तर बर्षभरी |
| ८. | नीति कार्यान्वनको निरन्तर समिक्षा, अनुगमंन, मुल्यांकनका लागि आवश्यक सुचकहरुको निर्माण गर्ने र सोको आधारमा नियमित अनुगमन, मुल्यांकन गर्ने | योजना शाखा | लैगिंक समांनता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट ।<br>विकास साझेदार, संयुत्त, राष्ट्र संघिय निकाय तथा अन्य अर्न्तराष्ट्रिय, राष्ट्रिय निकाय,सहकारी तथा गैरसरकारी संघसंस्थाहरु एवं निजी क्षेत्रबाट प्राप्त बजेट समेतलाई परिचालन गर्ने । | नीति स्वीकृत भएपछी प्रत्येक ६ ,६ महिनामा |
| ९ | गर्भवती प्रसुती र सुत्केरी अवस्थामा प्रेसणमा सहयोग र समन्वय गर्ने | स्वास्थ्य शाखा बुढीगंगा नगरपालिका | लैगिंक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु र नगरपालिकका भित्रका अन्य कार्यान्वयन निकाय | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट । | निरन्तर |
| १० | प्रतिभाशाली बालबालिकाहरुको प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम | शिक्षा शाखा बुढीगंगा नगरपालिका | लैगिंक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु र नगरपालिकका भित्रका अन्य कार्यान्वयन निकाय | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट ।<br>गैससं बाट प्राप्त अनुदान । | निरन्तर |



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | जातिय विभेद तथा छुवाछुत विरुद्ध सचेतनामुलक कार्यक्रम सञ्चालन | महिला बालबालिका शाखा बुढीगंगा नगरपालिका | लै.स.सा.स सम्बन्धी कार्यरत गैरसरकारी संस्थाहरु र नगरपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट । गैसस बाट प्राप्त अनुदान । | निरन्तर |
| १२ | लक्षित वर्ग अन्तर्गतका कार्यक्रमहरुको निरन्तरता | महिला विकास शाखा बुढीगंगा नगरपालिका | लै.स.सा.स सम्बन्धी कार्यरत गैरसरकारी संस्थाहरु र नगरपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट । गैससं बाट प्राप्त अनुदान । | निरन्तर |
| १३ | धामी झाक्री, ज्योतिष,पण्डित तथा पूजारीहरुको समन्वयमा रुढीवादी परम्परा न्यूनिकरण गर्ने | महिला विकास शाखा बुढीगंगा नगरपालिका | लै.स.सा.स सम्बन्धी कार्यरत गैरसरकारी संस्थाहरु र नगरपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ, प्रदेश तथा स्थानिय सरकारबाट विनियोजित बजेट । गैससं बाट प्राप्त अनुदान । | निरन्तर |
| १४ | अपांगता परिचयपत्र , जेष्ठ नागरिक परिचय पत्र वितरण शिविर सञ्चालन गर्ने | महिला विकास शाखा बुढीगंगा नगरपालिका | नगरपालिका | नगरपालिका | निरन्तर |
| १५ | अपांगताको परिक्षण गरी आवश्यक सहयोग सामग्री वितरण गर्ने | महिला विकास शाखा बुढीगंगा नगरपालिका | नगरपालिका | नगरपालिका | निरन्तर |

## १०. लैससास नीतिका अपेक्षित उपलब्धिहरु

- योजना प्रक्रियामा महिला, बालबालिका, दलित, युवा, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सबै वर्गको अर्थपूर्ण र सकारात्मक सहभागिता वृद्धि भई सार्वजनिक स्रोत साधन तथा अवसरहरुमा सबै वर्गको समान पहुँच स्थापित भएको हुनेछ।
- नगरपालिकाको वार्षिक नीति, योजना तथा कार्यक्रमहरु लैससास उत्तरदायी हुनेछ।
- नगरपालिकाले सञ्चालन गर्ने हरेक क्रियाकलापहरु लैससास दृष्टिकोणबाट प्रभावकारी र सकारात्मक रहनेछ।
- नगरपालिकामा लैससास लेखाजोखा पद्धति सुरुवात तथा नियमितता हुनेछ।



CamScanner

- नगरपालिकामा सबै सरोकारवाला निकाय, सेवाप्रदायक संस्था तथा सेवाग्राहीबिच समान बुझाई भई लैससासमैत्री सेवा प्रवाह हुनेछ।

११. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन व्यवस्था:** यस नीतिमा भएका प्रावधानलाई स्थानीय तहमा प्रभाकारी रुपमा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकारबाट निर्दिष्ट गरेका नीति अनुरुप लैङ्गिक समानता सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न,

(क) यस बुढीगंगा नगरपालिका स्तरमा देहाय बमोजिमको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समिति रहने छ। यस समितिले लैससास नीतिमा भएका प्रावधानलाई स्थानीय तहमा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेका नीति र प्रदेशको नीति र निर्देशिका अनूरुप लैससासको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने कार्य गर्नेछ र समन्वय समिति यस प्रकार हुनेछ :

**लैससास समन्वय समितिका गठन**

| | | |
|---|---|---|
| (क) | नगर उप-प्रमुख | संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) | प्रमुख सामाजिक विकास शाखा | सदस्य |
| (घ) | संयोजक, सामाजिक विकास समिति | सदस्य |
| (ङ) | सामुदायिक संघ सस्था मध्येबाट | सदस्य |
| (च) | महिला, बालबालिका तथा जेष्ठ नागरिक विषय हेर्ने प्रमुख | सदस्य सचिव |
| (छ) | योजना शाखा प्रमुख | सदस्य |

**समितिको आकार :** समितिको पदाधिकारीहरु ७ देखि १३ जना सम्म राख्न सक्नेछ। प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैङ्गिक तथा सामाजिक समावेशीकरण उपसमिति गठन गर्न सक्नेछ। सो उपसमिति मार्फत लैससास सम्बन्धि सबै किसिमका कार्यक्रमहरुको समुदाय स्तरसम्म पुऱ्याईने सुनिश्चितता गर्ने छ।

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष | संयोजक |
| (ख) | वडा सदस्यहरु (महिला र महिला दलित सहित) | ३ जना सदस्य |



CamScanner

(ग) वडा सचिव — सदस्य सचिव

(घ) अतिथि : सघंसस्थाबाट आवश्यकता अनुसार — २ जना

(ङ) महिला, बालबालिका तथा जेष्ठ नागरिक विषय हेर्ने प्रमुख १ जना

**लैससास समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) बुढीगंगा नगर पालिकाको ऐन, कानुन, नीति, आवाधिक योजना, विषयगत योजना, पार्श्वचित्र र अन्य प्रकाशित हुने सबै प्रकारका दस्तावेजमा लैससासको विषयवस्तुको समावेश गरी मुलप्रवाहीकरण गर्न प्राविधिक सहयोग गर्ने,

(ख) बुढीगंगा नगरपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने,

(ग) बुढीगंगा नगरपालिकाको खण्डीकृत तथ्यांकको व्यवस्था गर्न र समयानुकूल अध्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

(घ) बुढीगंगा पालिकाका महिला, बालबलिका लगायत बन्चितीकरणमा परेका समुदायको खण्डीकृत तथ्यांक संकलन एवं विश्लेषण गरी समस्याको पहिचान गर्न सहयोग गर्ने,

(ङ) बुढीगंगा नगरपालिकाको योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्दा महिला र विपन्न वर्गका समुदाय र व्यक्तिहरुका विकासका कार्यक्रमहरु समावेश, पहुँच र फाइदा वितरणमा सुनिश्चितता ल्याउन नेतृत्वदायी भूमिका निभाउने,

(च) बुढीगंगा नगरपालिकाको लैङ्गिक तथा सामाजिक समोशीकरण नीति अनुरुप लैङ्गिक तथा सामाजिक समावेशीकरण कार्यविधि तयार गरि कार्यान्वयन गर्ने गराउने,

(छ) बुढीगंगा पालिकाको नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य निकाय तथा कार्यालय संग कार्यगत समन्वय कायम गर्ने,

(ज) बुढीगंगा नगरपालिकाको नीति कार्यान्वयन सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने गराउने, सार्वजनिक सुनवाई, सामाजिक लेखाजोखा र लैससास लेखाजोखा गर्न नेतृत्वदायी भूमिका निभाउने,

(झ) बुढीगंगा नगरपालिकाको आवधिक, वार्षिक,योजना तर्जुमा कार्यान्वयन वजेट बाँडफाँट खर्चको लेखाजोखा, अनुगमन तथा मुल्यांकन प्रणली सामाजिक

समावेशीकरणमैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समावेशीकरण उत्तरदायी बनाउन नियमितरुपमा सम्बन्धित नगरपालिकालाई सुझाव दिने,

(ञ) बुढीगंगा नगरपालिकाको लैससास सम्बन्धि क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

(त) बुढीगंगा नगरपालिकाको लैससास मूलप्रवाहीकरण र यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला र अधिकारमुखी संसंस्थाहरु संग समन्वय र सहकार्य गर्ने र गराउने,

(थ) बुढीगंगा नगरपालिकाको लैससास नीति कार्यान्वयन गर्नेक्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

(त) यी माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

**लैससास समन्वय उप समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) बुढीगंगा नगरपालिकाको लैससास समन्वय समितिले गरेका कार्यहरु जस्तैः पालिकाको ऐन, कानुन, नीति, आवाधिक योजना, विषयगत योज़ना, पाश्वचित्र र अन्य प्रकाशित हुने सबै प्रकारका दस्तावेज स्थानीय तहका समुदायहरु र नागरिक समाजसंग छलफल गरी लैससास सम्बन्धि विषयवस्तुहरुको समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ख) बुढीगंगा नगरपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृयामा समुदायका विपन्न वर्ग र महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसंग समन्वय र सहकार्य गर्ने,

(ग) वडा तहको खण्डीकृत तथ्यांकको व्यवस्था गर्न र समयानुकुल अध्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

(घ) वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाइदाको समानुपातिक वितरणमा सुनिश्चितता गर्न नेतृत्वदायी भूमिका निभाउने,

(ग) बुढीगंगा नगरपालिकाको नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य वडास्तरका निकाय तथा कार्यालय, सरोकारवाला र अधिकारमुखी सघ संस्थाहरुसंग समन्वय र कार्य गर्न सहकार्य गर्ने,



CamScanner

(ङ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारीता ल्याउन सहभागितात्मक अनुगमन तथा मुल्यांकन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनुवाई गराउने र लैससास लेखाजोखा गर्ने आदि,

(च) वडा भित्रका महिला, बालबालिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डीकृत तथ्यांक संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत पनि गर्ने,

(छ) वडास्तरमा लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

(झ) यस नीति कार्यान्वयन गर्नेक्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

(त) यी माथि उल्लेखित कार्यहरु गर्न कार्ययोजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने

पालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासिकरुपमा बस्ने छ। वडा स्तरिय समितिको बैठक प्रत्येक ६ महिनाको एक पटक बस्ने छ। आवश्यकता अनुसार समितिको बैठक जुनसुकै बेला पनि बस्न सक्ने छ।

## अनुसूची

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)** शब्दावली तथा परिभाषा

१. लैससास : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण।

२. नगरपालिका : बुढीगंगा नगरपालिका सम्झनु पर्दछ।

३. लक्षित समूदाय : यस लैससास नीतिको प्रयोजनको लागि निम्न उल्लेखित वर्ग तथा समूहलाई लक्षित समूदायको रुपमा मानिएको छ : महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, अपांगता भएका व्यक्ति, दलित, जनजाती तथा पछाडी पारेका वा बहिष्करणमा परेका समुदाय।

४. लैगिंक उत्तरदायी बजेट भन्नाले: लैङ्गिक समानताका लागि बजेटको सुनिश्चिततालाई सम्झनु पर्दछ।



CS CamScanner

५. लैगिंक समानता तथा सामाजिक समावेशीकरण भन्नाले महिला पुरुष वा लैङ्गिक तथा यौनिक अल्पंख्यक र विभिन्न सामाजिक समूहहरु बिचको असमान शक्ति सम्बन्धलाई पुनःसन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि गरिने प्रयासलाई सम्झनु पर्दछ।

६. लैङ्गिक समानता भन्नाले समाज तथा राज्यको सबै अंग र तह तथा क्षेत्रमा महिला पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरणलाई जनाउँछ।

७. सामाजिक समावेशीकरण भन्नाले समाजमा पछाडी पारिएका लिंग, वर्ग, जातजाति, समुदाय लगायतका वञ्चित वर्ग समुदायलाई विकासका अवसरमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा स्रोत सुविधामा पहुँच वृद्धि गर्नुलाई सम्झनुप पर्दछ।

८. वञ्चित समूह भन्नाले लामो समय देखि आर्थिक सामाजिक र भौगोलिक कारणले पछाडी पारिएका महिला, दलित, जनजाति, जेष्ठ नागरिक, अति विपन्न, दुर्गम बस्तीमा बसोबास गर्ने व्यक्ति वा समुदाय पर्दछ।

९. सामाजिक बञ्चितीकरण भन्नाले लैङ्गिकता, जात, जाति, धर्म, क्षेत्र, अपागंता आदिको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमताअनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट बञ्चित गराईनु हो।

१०. लैङ्गिक समता भन्नाले अवसर र न्यायबाट बञ्चित महिला, पुरुष वा यौनिक तथा अल्पसंख्यक व्यक्तिलाई समानता कायम गर्न अवलम्बन गरिने सकारात्मक विभेद वा विशेष प्रयासलाई सम्झनुपर्छ।

११. लैङ्गिक मैत्री भन्नाले समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथामिकपूर्ण व्यवहारलाई सम्झनु पर्दछ।



CamScanner

१२. खण्डीकृत तथ्यांक भन्नाले सबै जातजाति लिङ्ग वर्ग क्षेत्रका महिला पुरुष तथा यौनिक एवं लैङ्गिक अल्पसंख्यक सिमान्तकृत समुदाय तथा विभिन्न अवस्था अनुसारको समूहहरुको तहगत तथ्यांकलाई सम्झनु पर्दछ।

१३. सिमान्तकृत समुदाय भन्नाले आर्थिक सामाजिक राजनैतिक र भौगोलिक विकटताको कारण पछाडी पारिएका तथा सार्वजनिक सेवा सुविधाको अवसर बाट बञ्चित र विभेदमा परेका साथै संघिय कानुन बमोजिम मानवविकासको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ।

प्रमाणीकरण मिति :



CamScanner